# केन्द्रबाट संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ विविध कार्यक्रम गरी सम्पन्नः

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं. प्र.०७६/७७ च.नं. ६७९ र मिति २०७६।०५।३१ को पत्रानुसार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले विविध कार्यक्रम आयोजना गरी हर्षोल्लासका साथ **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६** मनाएको छ । उक्त दिवसको अवसर पारेर नेपालको वैदेशिक व्यापार प्रवर्द्धन तथा सहजीकरण गर्ने उद्देश्यले केन्द्रबाट विश्व बैंक समूहको सहयोगमा नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत निर्माण एवं विकास गरिएको विस्तारित नेपाल व्यापार सूचना पोर्टलको माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवज्यूले मिति २०७६ आश्विन २ गते विहिबार Online को माध्यमबाट पोर्टलको वेभसाईट staging.nepaltradeportal.gov.np र NTIP Mobile App को शुभारम्भ गर्नु भयो । यसैगरी सो दिवसको उपलक्ष्यमा मिति २०७६ आश्विन २ गते केन्द्रको परिसर वरपर सरसफाई गरी बृक्षारोपण गरिएको, आश्विन २ देखि ४ गतेसम्म दीपावली गरी केन्द्रमा राष्ट्रिय झण्डा फहराईएको, आश्विन ३ गते केन्द्रका सम्पूर्ण कर्मचारीहरु केन्द्रको व्यानर सहित हात-हातमा राष्ट्रिय झण्डा लिई प्रभातफेरी सहित संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ मूल समारोह समितिले आयोजना गरेको कार्यक्रममा सैनिक मञ्च टुँडिखेलमा सहभागिता गरिएको थियो ।

## कार्यक्रमका केही झलकहरु




माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवज्यूबाट नेपाल व्यापार सूचना पोर्टलको शुभारम्भ गर्नुहुँदै




नेपाल व्यापार सूचना पोर्टलको शुभारम्भ हुँदै



नेपाल व्यापार सूचना पोर्टलको शुभारम्भ पश्चात मा. मन्त्रीज्यूबाट मन्तव्य सहितको सम्वोधन




नेपाल व्यापार सूचना पोर्टलको शुभारम्भ कार्यक्रमको उद्देश्य एवं औचित्य बारे प्रकाश पार्नु हुँदै केन्द्रका कार्यकारी निर्देशक श्री सरद विक्रम राणा




नेपाल व्यापार सूचना पोर्टलको शुभारम्भ कार्यक्रममा सहभागीहरु




केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूबाट केन्द्रको परिसरमा बृक्षारोपण गर्नुहुँदै



केन्द्रको परिसरमा सरसफाई एवं बृक्षारोपण कार्यक्रम पश्चात केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यू लगायत अन्य कर्मचारीहरु



केन्द्रमा दीपावली




केन्द्रको ब्यानर सहित हात हातमा राष्ट्रिय झण्डा लिई सैनिक मञ्च टुँडिखेलमा सहभागी हुँदै केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यू लगायत अन्य कर्मचारीहरु